नेपाल सरकार
विज्ञान तथा प्रविधि मन्त्रालय

# वि.पी कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति
# कीर्तिपुर, काठमाण्डौ ।

कीर्तिपुर स्थित वी.पी. कोइराला राष्ट्रिय विज्ञान सङ्ग्रहायलयको सुरक्षा व्यवस्थाका लागि सुरक्षाकर्मीको सेवा करारमा लिने प्रस्ताव

(प्रथम पटक प्रकाशित मिति २०७५/०६/२९

यस विकास समितिबाट समितिको कीर्तिपुर स्थित वी.पी. कोइराला राष्ट्रिय विज्ञान सङ्ग्रहालय भवनको सुरक्षा व्यवस्था सम्बन्धी अन्य व्यवस्था नभए सम्म सम्झौता वमोजिम केहि सुरक्षाकर्मीहरू सेवा करारमा लिन आवश्यक भएको हुँदा निम्न उल्लेखित शर्त वमोजिम त्यस्तो सेवा उपलब्ध गराउन सक्ने इच्छुक फर्म/संस्था वा कम्पनीले मासिक/ वार्षिक प्रति जनाको सेवा के कति दररेटमा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस समितिको कार्यालयमा पेश गरी सक्नु पर्नेछ ।

**शर्तहरू**

१. सिलबन्दी दरभाउपत्र बुझाउन इच्छुक फर्म/संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र यस समितिको कार्यालयबाट रू. ५००।- (अक्षरूपी पाँचसय फिर्ता नहुने गरी) मात्र बुझाई फाराम प्राप्त गर्न सकिनेछ ।

२. सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको रकमको २.५ प्रतिशत धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय त्रिपुरेश्वरको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. टेकुमा रहेको धरौटी खाता नं १७००२०३ मा नगद दाखिला गरेको भौचर वा मान्यता प्राप्त बैंकद्धारा यस समितिको नाममा जारी भएको बैंक जमानतको सक्कल पत्र पेश गर्नु पर्ने छ, साथै प्रस्ताव स्वीकृत भए पश्चात् मिति २०७६ असार मसान्त सम्म म्याद भएको ५ प्रतिशत रकम नगद धरौटी वा मान्यता प्राप्त बैंकद्धारा जारी भएको कार्यसम्पादन जमानतको सक्कल पत्र पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउ पत्र पेश गर्दा फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको आयकर दर्ता, मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर, दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनपर्नेछ ।

४. उपलब्ध गराइने सुरक्षाकर्मी, सुरक्षा सम्बन्धी तालिम प्राप्त सम्बन्धीत कार्यक्षेत्रको जानकारी तथा अनुभव भएको, साधारण लेखपढ गर्न जान्ने, ईमान्दार, शिष्ट बोलीचाली भएको मिलनसार व्यक्ति हुनुपर्नेछ । मान्यताप्राप्त निकायबाट तालिम प्राप्त र धेरै वर्षको अनुभवीलाई विशेष ग्राह्यता दिईनेछ । उपलब्ध गराइने सुरक्षाकर्मीको योग्यता सूचना शर्त वमोजिम भए नभएको सम्बन्धमा परिक्षण गरी निजको सेवा स्वीकार गर्ने नगर्ने अधिकार समितिमा रहनेछ । स्वीकार योग्य नभएको सुरक्षाकर्मीको सट्टा ७ दिन भित्र अर्को सुरक्षाकर्मी समितिमा उपलब्ध गराउनु पर्नेछ । निजहरूको उपस्थिति र कार्य सम्पादनको रेकर्ड आवश्यकतानुसार समितिमा राखिनेछ ।

५. कुनै फर्म/संस्था वा कम्पनीको नाममा खरिद भएको प्रस्ताव फाराम अर्को फर्म/संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन ।

६. सिलबन्दी दरभाउपत्रबुझाउँदा शिलवन्दी गरी खाम बाहिर "**वी.पी. कोइराला राष्ट्रिय विज्ञान सङ्ग्रहालय भवन सुरक्षा व्यवस्था गर्ने सुरक्षाकर्मीको सेवा करारमा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र, वी.पी. कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति, कीर्तिपुर, काठमाण्डौ**" भनी स्पष्ट उल्लेख गरी यस समितिमा दर्ता गर्न सकिने छ ।

७. म्यादभित्र दर्ता हुन आएका दरभाउपत्रहरू १६ औं दिनको २:०० बजे दर भाउपत्रदाता निजको प्रतिनिधिहरूको रोहवरमा समितिको कार्यालय कीर्तिपुरमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । फाराम वितरण गर्ने, दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजानिक विदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्यगरिनेछ ।

८. सिलबन्दी दरभाउपत्र फाराममा दररेट भर्दा मूल्य अभिवृद्धि कर बाहेक अङ्क र अक्षरमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । उल्लेखित अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. सिलबन्दी दरभाउपत्रले पेश गर्ने प्रस्ताव सम्बन्धी सवै कागजातहरू र प्रस्ताव फारामको प्रत्येक पानामा प्रस्तावदाताको सहिछाप भएको हुनुपर्नेछ ।

१०. सिलबन्दी दरभाउपत्र फाराममा प्रस्ताव दिनेको सहीछाप  नभएको, लेख्नु पर्ने विवरण छुटेको, प्रष्ट नभएको म्याद नाघी आएको, रित नपुगेको, दर उल्लेख नगरेको, शर्त राखि प्राप्त भएको प्रस्तावउपर कारवाही हुने छैन ।

११. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरू स्वीकृत वा अस्वीकृत गर्ने सम्पूण अधिकार यस समितिमा सुरक्षित रहनेछ । साथै म्याद नाघी आएको रित नपुगेको र शर्त राखिएको प्रस्तावहरू उपर कुनैकारबाही गरिने छैन ।

१२. उपलब्ध गराइने सेवा सन्तोषजनक नभएमा सेवा करारनामा सम्झौता रद्द गर्नुका साथै सुरक्षण जमानत समेत जफत हुन सक्नेछ ।

१३. कुनै पनि बेला स्वीकृत दरभाउ पत्रदाताबाट उपलब्ध गराइएका ***सुरक्षाकर्मीको*** गैरजिम्मेवारी र लापरवाहीबाट समितिलाई कुनै हानी नोक्सानी भएमा त्यस्तो लापरवाहीबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति स्वीकृत दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

१४. नियमानुसार तिर्नु बुझाउनु पर्ने कर, शुल्क, महशूल वा अन्य यस्तै भुक्तानी गर्नुपर्ने सबै दायित्व स्वीकृत दरभाउपत्रदाताको हुनेछ । नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार कट्टी गर्नुपर्ने करहरू भुक्तानी गर्ने समयमा अग्रिम रूपमा कट्टा गरिनेछ ।

१५. स्वीकृत दरभाउपत्र दातालाई सेवा शूल्क मासिक रूपमा भुक्तानी हुनेछ । भुक्तानी भएको ७ दिन भित्र सम्बन्धीत ***सुरक्षाकर्मी***हरूलाई पारिश्रमिक प्रचलित श्रम ऐन अनुकुल उपलब्ध गराउने कर्तव्य स्वीकृत दरभाउपत्रदाताको हुनेछ ।

१६ हाललाई स्वीकृत दरभाउपत्रदाता संग २०७६ साल आषाढ मसान्त सम्मको लागी मात्र सम्झौता गरिनेछ । दुवै पक्षको सहमतीले आबश्यकताअनुसार म्याद थप गर्न पनि सकिनेछ ।

१७. यसमा नपरेका अन्य कुराहरू सार्वजानिक खरिद ऐन, २०६३ तथा सोही नियमावली, २०६४ र अन्य प्रचलित नेपाल कानूनका ऐन, नियम अनुसार हुनेछ ।